# हल्दीबारी राजपत्र

हल्दीबारी गाउँपालिकाद्वारा प्रकाशित

खण्ड २( झापा, कोशी प्रदेश, नेपाल, आश्विन २ गते २०७९ साल (संख्या २४

**भाग २**

हल्दीबारी गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

झापा, कोशी प्रदेश, नेपाल

हल्दीबारी गाउँ कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको नियमावली सर्वसाधरणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

संवत् २०७९ को ऐन/नियमावली/निर्देशिका/कार्यविधि नं. २४

# हल्दीबारी गाउँपालिकाको विद्यालय लेखापरीक्षण कार्यविधि, २०७९

**प्रस्तावना**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ (२) (ज) मा रहेको विद्यालय शिक्षा सम्बन्धि काम, कर्तव्य र अधिकार एवं हल्दीबारी गाउँपालिकाको शिक्षा क्षेत्र व्यवस्थापन गर्न बनेको (संशोधन) ऐन, २०७९ दफा १०५ ले दिएको अधिकार प्रयोग गरी हल्दीबारी गाउँपालिका गाउँ कार्यपालिकाले विद्यालय लेखापरीक्षण कार्यविधि, २०७९ जारी गरी लागू गरिएको छ ।

## परिच्छेद-१

१. क) संक्षिप्त नाम र प्रारम्भः यस कार्यविधिको नाम **"हल्दीबारी गाउँपालिकाको विद्यालय लेखापरीक्षण कार्यविधि, २०७९"** रहेको छ ।

ख) यो कार्यविधि हल्दीबारी गाउँपालिका क्षेत्र भित्र लागु हुनेछ ।

ग) यो कार्यविधि कार्यविधि कार्यापालिकाले पारित गरेपछि तुरून्त लागु हुनेछ ।

२. परिभाषाः विषय वा प्रशंग अर्को अर्थ नलागेमा यस कार्यविधिमा

क) "ऐन" भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ सम्झनु पर्छ ।

ख) "कार्यविधि" भन्नाले हल्दीबारी गाउँपालिका क्षेत्र भित्रका विद्यालयहरूको लेखापरीक्षण सम्बन्धि कार्यविधि, २०७७ सम्झनु पर्छ ।

ग) "गाउँपालिका" भन्नाले हल्दीबारी गाउँपालिकालाई सम्झनु पर्छ ।

घ) "अध्यक्ष" भन्नाले हल्दीबारी गाउँपालिकाको अध्यक्ष सम्झनु पर्छ ।

ङ) "उपाध्यक्ष" भन्नाले हल्दीबारी गाउँपालिकाको उपाध्यक्ष सम्झनु पर्छ ।

च) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले हल्दीबारी गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्छ ।

छ) "शिक्षा शाखा" भन्नाले हल्दीबारी गाउँपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखालाई सम्झनु पर्छ ।

ज) "आन्तरिक लेखापरीक्षण शाखा" भन्नाले हल्दीबारी गाउँपालिकाको आन्तरीक लेखापरीक्षण शाखा वा इकाइलाई सम्झनु पर्छ ।

हल्दीबारी गाउँपालिका

झ) "लेखापरीक्षण" भन्नाले हल्दीबारी गाउँपालिका क्षेत्रमा सञ्चालित विद्यालयहरूको लेखा तथा लेखासँग सम्बन्धित कामको परीक्षण र त्यसको आधारमा गरिने मंल्याङ्कन तथा विश्लेषण र सम्परीक्षण गर्ने कार्य समेतलाई जनाउनेछ । सो शब्दले आन्तरिक र अन्तिम दुवै लेखापरीक्षण सम्बन्धि कार्यलाई जनाउनेछ ।

ञ) "लेखापरीक्षक" भन्नाले लेखापरीक्षण गर्ने कार्यको लागि प्रचलित कानून बमोजिम प्रमाण पत्र प्राप्त व्यक्ति/संस्था वा फर्मलाई जनाउँनेछ ।

## परिच्छेद-२
## लेखापरीक्षण सम्बन्धि व्यवस्था

३. हल्दीबारी गाउँपालिका भित्र रहेका सामुदायिक विद्यालयहरूको आन्तरिक र अन्तिम लेखापरीक्षण गर्ने सम्बन्धि कार्य देहाय बमोजिम हुनेछ ।

क) यस गाउँपालिका भित्र रहेको सम्पूर्ण सामुदायिक विद्यालयहरूको अन्तिम लेखापरीक्षण गर्ने कार्य प्रचलित कानून बमोजिम दर्ता भएका रजिष्टर लेखापरीक्षकहरूबाट गाउँपालिकाले तोकेको लेखापरीक्षकबाट प्रत्येक वर्ष हुनेछ । साथै संस्थागत विद्यालयहरूबाट समेत अन्तिम लेखापरीक्षणको लागि गाउँपालिकामा अनुरोध भै आएमा समेत माग अनुसार गाउँपालिकाले छनौट गरेको रजिष्टर लेखापरीक्षकहरूबाट अन्तिम लेखारीक्षण गर्न सकिनेछ ।

ख) प्रत्येक वर्ष हल्दीबारी गाउँपालिकाले नमुना छनौट गरेका कम्तिमा ३ वटा सामुदायिक विद्यालयहरूको आन्तरिक लेखापरीक्षण सम्बन्धि कार्य हल्दीबारी गाउँपालिकाको आन्तरिक लेखापरीण शाखाले गर्ने गरी गाउँपालिकाले तोक्ने सक्नेछ । आन्तरिक लेखापरीक्षण गर्दा सामान्यतया चौमासिक रूपमा सम्पादन गर्नु पर्नेछ र सोको प्रतिवेदन सम्बन्धित विद्यालय र गाउँपालिकामा पेस गर्नुपर्नेछ ।

४. लेखापरीक्षक नियुक्तिका लागि संलग्न गर्नुपर्ने कागजातहरू:

गाउँपालिकाबाट विद्यालयहरूको अन्तिम लेखापरीक्षण गर्नका लागि प्रकाशित सूचना अनुसार इच्छुक दर्तावाला निवेदकहरूले देहाय अनुसारका कागजातहरू संलग्न गर्नुपर्नेछ ।

क) लेखापरीक्षकले नविकरण भएको पेशागत प्रमाण पत्रको प्रतिलिपि ।
ख) आन्तरिक राजश्व कार्यालयबाट कर दर्ता र कर चुक्ता गरेको प्रमाण पत्र ।
ग) कुनै पनि कारणबाट कारवाही नभएको स्वः घोषणा भएको पत्र ।

५. विद्यालयको लेखापरीक्ष सम्बन्धि निवेदनको ढाँचा, सिफारिसको ढाँचा, लेखापरीक्षक नियुक्तिको ढाँचा अनुसूची १ र २ मा उल्लेख भए बमोजिम हुनेछ ।

## परिच्छेद-३
## लेखापरीक्षक छनौट समिति

६. हल्दीबारी गाउँपालिका भित्र सञ्चालित सामुदायिक विद्यालयहरूको अन्तिम लेखापरीक्षण गर्नका लागि देहाय अनुसारको एक लेखापरीक्षक छनौट समिति रहनेछ ।

| | |
|---|---|
| क) प्रमुख प्रशासकीय अधिकृत | संयोजक |
| ख) लेखा अधिकृत | सदस्य |
| ग) शिक्षा अधिकृत | सदस्य-सचिव |

७. लेखापरीक्षक छनौट समितिको काम, कर्तव्य र अधिकारः

सामुदायिक विद्यालयहरूको अन्तिम लेखापरीक्षण कार्यलाई प्रभावकारी, पारदर्शी एवं व्यवस्थित बनाउनका लागि लेखापरीक्षक छनौट समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

क) प्रत्येक आर्थिक वर्ष शुरू भएको २ महिना भित्र अन्तिम लेखापरीक्षणको लागि कम्तिमा प्रदेश स्तरसम्म पहुँच भएको दैनिक पत्रिका, कार्यालयको वेभसाईट, सूचना पाटीमा ३० (तीस) दिनको सार्वजनिक सूचना प्रकाशित गरी निवेदन माग गर्ने ।

ख) लेखापरीक्षक छनौटका लागि मापदण्ड एवं सूचकहरू तयार गरी समितिको बैठकबाट स्वीकृत गराउने ।

ग) बुदाँ नं. (क) बमोजिम माग भइ आएका निवेदनहरू उपर छानविन गर्ने र लेखापरीक्षक छनौट गर्ने ।

घ) लेखापरीक्षक नियुक्ति गर्ने र सोको जानकारी सम्बन्धित लेखापरीक्षक र विद्यालय, विद्यालय व्यवस्थापन समितिलाई जानकारी गराइनेछ ।

ङ) लेखापरीक्षण सम्बन्धमा आइपरेका समस्याहरूका बारेमा बैठक बसी आवश्यक निर्णय लिने ।

च) सामुदायिक विद्यालयहरूको लेखापरीक्षण प्रतिवेदन अध्ययन गरी बेरूजु विवरणका बारेमा छलफल गरिनेछ । बेरूजु फछ्र्यौटको लागि विद्यालयहरूसँग कार्य योजना माग गर्ने र सम्परीक्षण गराउन सहजीकरण एवं निर्देशन दिने ।



हल्दीबारी राजपत्र

छ) सामुदायिक विद्यालयहरूको लेखा एवं लेखापरीक्षणको सम्बन्धमा वर्षको एक पटक अनुगमन र निरीक्षण गरी गाउँकार्यपालिकामा प्रतिवेदन पेश गर्ने ।

ज) एउटै लेखापरीक्षकलाई एउटै विद्यालयमा ३ वर्ष पुरा नभै दोहोऱ्याएर लेखापरीक्षण गर्नका लागि लेखापरीक्षक छनौट नगर्ने ।

झ) लेखापरीक्षण सम्बन्धमा संङ्घीय सरकार, प्रदेश सरकार र गाउँ कार्यपालिकाबाट प्रचलित कानून मुताविक दिइएको निर्देशन अनुसार अन्य कार्य गर्ने/गराउने ।

८. विद्यालयको कर्तव्यः

क) हल्दीबारी गाउँपालिकाबाट नियुक्त भै खटाइएको लेखापरीक्षकबाट तोकिएको मिति भित्र लेखापरीक्षण गराउनु सम्बन्धित विद्यालयको कर्तव्य हुनेछ ।

ख) गाउँपालिकाबाट खटाइ पठाइएको लेखापरीक्षकबाट तोकिएको समयमा लेखापरीक्षण नगराएमा गाउँपालिकाले सम्बन्धित विद्यालयको निकासा लगायतका अन्य सुविधाहरूमा रोक लगाउन सक्नेछ।

९. लेखापरीक्षकको नियुक्तिः

क) दफा (६) बमोजिम छनौट समितिले सिफारिस गरे अनुसार प्रमुख प्रशासकीय अधिकृतबाट अन्तिम लेखापरीक्षकलाई नियुक्ति दिनेछ ।

ख) छनौट भएको लेखापरीक्षकले तोकिएको समयमा सम्बन्धित विद्यालय, विद्यालय व्यवस्थापन समिति र गाउँपालिकामा प्रतिवेदन दिनुपर्नेछ ।

## परिच्छेद-५
## आन्तरिक लेखापरीक्षण

१०. लेखापरीक्षण शुल्कः

गाउँपालिकाले तोकेको लेखापरीक्षकलाई सम्बन्धित विद्यालयले देहाय बमोजिमको शुल्क उपलब्ध गाराउनु पर्नेछ ।

क) आय/व्यय विवरणमा स्थिर सम्पत्ति मुल्याङ्कन र मुद्दती खाताको रकम समावेश हुने छैन। लेखापरीक्षकले प्राप्त गर्ने पारिश्रमिक, आय/व्यय विवरणका आधारमा सय कडा ०.१५ (पन्ध्र पैसाका) दरले विद्यालयबाट रकम भुक्तानी हुनेछ । प्राथमिक विद्यालयको हकमा न्यूनतम पारिश्रमिक रू. १०,०००/ (दश हजार) भन्दा कम हुने छैन् । गाउँपालिकामा अनिवार्य रूपमा प्रतिवेदन बुझाएको भरपाई पेस गरेको निस्सा पेस गरेपछि मात्र सम्बन्धित विद्यालयले

लेखापरीक्षकलाई पारिश्रमिक भुक्तानी दिनुपर्नेछ । नियमानुसार लाग्ने कर कट्टी गर्ने दायित्व विद्यालय स्वयमको हुनेछ ।
ख) गाउँपालिकाले तोकिएको भन्दा बढी पारिश्रमिक भुक्तानी गर्न पाईने छैन सो भन्दा बढी भुक्तान भएको पाइएमा सम्बन्धित विद्यालय जवाफदेही हुनेछ । लेखापरीक्षकबाट समेत नियमानुसार भन्दा बढी पारिश्रमिक माग गरेमा यथाशिघ्र गाउँपालिकालाई जानकारी गराउनुपर्नेछ ।

ग) लेखापरीक्षकको नियुक्ति रद्द गर्ने लगायतका अन्य अधिकार हल्दीबारी गाउँपालिकामा निहित हुनेछ ।

## परिच्छेद-५
## आन्तरिक लेखापरीक्षण

११. हल्दीबारी गाउँपालिका भित्र सञ्चालित सामुदायिक विद्यालययहरूको आन्तरिक लेखापरीक्षण गाउँपालिकाको आन्तरिक लेखापरीक्षण शाखाले चौमासिक रूपमा गर्नेछ र वार्षिक प्रतिवेदन आ.व. समाप्त भएको १ महिना भित्र विद्यालय, विद्यालय व्यवस्थापन समिति र गाउँपालिका समक्ष पेस गर्नुपर्नेछ ।

१२. आन्तरिक लेखापरीक्षणबाट देखिएको गल्ती, कमिकमजोरी सच्याउने दायित्व सम्बन्धित विद्यालयको हुनेछ ।

१३. आन्तरिक लेखापरीक्षण गरे वापतको पारिश्रमिक लिन वा दिन पाइने छैन् ।

## परिच्छेद-६
## अन्तिम लेखापरीक्षण उपर कारवाही

१४. अन्तिम लेखापरीक्षकले दिएको लेखापरीक्षण प्रतिवेदन स्तरीय र सन्तोषजनक र चित्त बुझ्दो नभएमा प्रमुख प्रशासकीय अधिकृतले सोको लिखित जानकारी महालेखा परीक्षकको कार्यालय समक्ष राय सहित पठाउनु पर्नेछ । उक्त लेखापरीक्षण प्रतिवेदन उपर महालेखा परीक्षकको कार्यालयबाट प्राप्त निर्देशन वा सुझावको कार्यान्वयन गाउँपालिकाले गर्नुपर्नेछ ।

## परिच्छेद-७
## बेरूजू र सम्परीक्षण

१५. आन्तरिक र अन्तिम लेखापरीक्षणबाट कायम भएको वेरूजूको लगत तयार गर्ने र सम्परीक्षणको लागि हल्दीबारी गाउँपालिकामा पेस गर्ने दायित्व सम्बन्धित विद्यालयको हुनेछ ।

१६. वेरूजू फछ्र्यौट गरी सम्परीक्षण गराउने दायित्व भएको अधिकार प्राप्त अधिकारी वा कर्मचारी सरूवा वा वढुवा वा अवकास भई कार्यालय छोड्नु परेको खण्डमा निजले फछ्र्यौट गर्न बाँकी रहेको वेरूजू लागत तथा कारोवार सम्बन्धित कारवाहीको सम्पूर्ण विवरण खोली वहालवाला जिम्मेवारी प्राप्त अधिकारीलाई बुझाउनु पर्नेछ भने जिम्मेवारी प्राप्त अधिकारीले उपरोक्त बमोजिम बुझिलई वेरूजू फछ्र्यौट गर्नु/गराउनु पर्नेछ ।

## अनुसूची (१)
## लेखारीक्षकले दिने निवेदनको ढाँचा

श्रीमान् प्रमुख प्रशासकीय अधिकृत ज्यू,
हल्दीबारी गाउँपालिका
हल्दीबारी गाउँ कार्यपालिकाको कार्यालय,
जलथल, झापा ।

**विषयः विद्यालयको लेखापरीक्षणका लागि निवेदन पेस गरेको बारे ।**

महोदय,

प्रस्तुत विषयमा यस गाउँपालिका अन्तर्गत रहेका सामुदायिक विद्यालयहरूको आ.व...........को लेखापरीक्षणका लागि प्रकाशित सूचना बमोजिम निवेदन माग गरिएकोमा, मेरा नाममा रहेको लेखापरीक्षण संस्थाबाट यस गाउँपालिका अन्तर्गतका विद्यालयहरूको अन्तिम लेखापरीक्षण गर्नका लागि निवेदन पत्रकासाथ तपसिल बमोजिमका कागजात संलग्न गरी निवेदन पेस गरेको व्यहोरा सादर अनुरोध गर्दछु । लेखापरीक्षण गर्ने अवसर प्राप्त भएमा प्रचलित कानूनको परिधि भित्र रही सत्य, तथ्य एवं पारदर्शीता अपनाइ तोकिएको समयमा लेखापरीक्षण गर्ने प्रतिवद्धता समेत गर्दछु ।

..................
(लेखापरीक्षक)

**संलग्न कागजातहरूः**

क) पेशागत प्रमाण पत्रको नविकरण प्रतिलिपि थान -१
ख) प्यान/भ्याट दर्ताको प्रतिलिपि थान- १
ग) चालु आ.व. भन्दा अगाडिको कर चुक्ता प्रमाण पत्र थान- १
घ) नागरिकताको प्रतिलिपि थान- १
ङ) संस्थाको प्रोफाइल प्रतिलिपि थान- १

हल्दीबारी राजपत्र

**अनुसूची-२**
**लेखापरीक्षक नियुक्तिको ढाँचा**

# हल्दीबारी गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय
कोशी प्रदेश
**जलथल, झापा**

प.सं. मितिः
च.नं.

श्री......................
..........................

विषयः लेखापरीक्षकमा नियुक्ति गरीएको सम्बन्धमा ।

प्रस्तुत विषयमा हल्दीबारी गाउँपालिका विद्यालय लेखापरीक्षण कार्यविधि, २०७९ को दफा (६) बमोजिमको सिफारिसका आधारमा तपाइलाई श्री जन जागृती माध्यमिक विद्यालय, हल्दीबारी-१ को अन्तिम लेखापरीक्षण गर्नका लागि नियुक्त गरिएको छ । अतः यो नियुक्ति पत्र प्राप्त भएको मितिले ३ (तीन) महिना भित्र यस कार्यविधि र प्रचलित कानूनको परीधि भित्र रही अन्तिम लेखा परीक्षण सम्पन्न गरी सोको प्रतिवेदन विद्यालय, विद्यालय व्यवस्थापन समिति र यस गाउँपालिकामा अनिवार्य रूपमा बुझाउनु हुन जानकारी गराइन्छ ।

....................
प्रमुख प्रशासकीय अधिकृत

<u>**बोधार्थः**</u>
श्री महालेखा परीक्षकको कार्यालय अनामनगर, काठमाण्डौं ।
श्री नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था सातदोबाटो, ललितपुर ।
श्री ........ विद्यालय, व्यवस्थापन समिति ।
श्री ........ विद्यालय, हल्दीबारी गाउँपालिका, झापा ।